पन्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आमचौर बैतडी

# व्यय अनुमान

आ.व.२०७४/७५

अनुसूची-३

रु. हजारमा

| शीर्षक | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत: आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण: नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | ऋण | जनसहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|
| **चालु खर्च** | | | २९८००.० | | | | | | |
| कर्मचारी तलब भत्ता | | | १०२०० | | १०२०० | | | | |
| अनुगमन तथा भ्रमण खर्च | | | ३१०० | | ३१०० | | | | |
| बैठक भत्ता | | | ३१०० | | ३१०० | | | | |
| कार्यालय संचालन | | | ४७०० | | ४७०० | | | | |
| इन्धन | | | ६८७ | | ६८७ | | | | |
| संचार महशुल | | | २८३ | | २८३ | | | | |
| खानेपानी, विजुली तथा अन्य शुल्क | | | ३० | | ३० | | | | |
| मर्मत संभार | | | १३०० | | १३०० | | | | |
| सेवा तथा परामर्श | | | १३५० | | १३५० | | | | |
| कार्यक्रम खर्च | | | ८०० | | ८०० | | | | |
| सेवा करार | | | ५५० | ५५० | | | | | |
| घरभाडा तथा अन्य भाडा | | | १००० | | १००० | | | | |
| विविध | | | २७०० | | २७०० | | | | |
| **पूँजिगत खर्च** | ० | ० | १३६८९४.०९२ | | | | | | ० |
| भवन निर्माण | | | २१००० | | | | | | |
| सवारी साधन खरिद(डोजर, टिप्पर हेभी उपकरण) | | | ९९२३५.४७७ | | १९२३५४७७ | | | | |
| सवारी साधन खरिद(मोटरसाइकल) | | | ५०० | | | | | | |
| मेशनरी औजार | | | ४९३२.६१५ | | | | | | |
| फर्निचर | | | ४००० | | | | | | |
| सार्वजनिक निर्माण/योजना तथा कार्यक्रम | | | ८२७२६ | ९२६ | ८१८०० | | | | |
| विपद् व्यवस्थापन कोष | | | १५०० | | | | | | |
| समपूरक कोष | | | ३००० | | | | | | |
| **सशर्त अनुदान तर्फको खर्च** | | | ७७५९८ | | ७७५९८ | | | | |

२४४२९२.०९२

पञ्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

[illegible] बैतडी

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७४/७५

अनुसूची-२

रु. हजारमा

| शीर्षक | | आ.व. २०७२/७३ को यथार्थ | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७४/७५ को लक्ष्य |
|---|---|---|---|---|
| राजस्व: | | ० | ० | ६५८९.०९२ |
| | आन्तरिक राजस्व: | | ० | १३७६ |
| | सम्पत्ति कर | | | १६०.००० |
| | भूमि (मालपोत) कर | | | ५०.००० |
| | घर बहाल कर | | | १०.००० |
| | व्यवसाय कर | | | ८६९.२५० |
| | वन उपज(जडीबुटी, कवाडी र जिवजन्तु) कर | | | ५०.००० |
| | सवारी साधन कर | | | ०.००० |
| | विज्ञापन कर | | | ०.००० |
| | मनोरञ्जन कर | | | ३०.००० |
| | बहाल विटौरी शुल्क | | | ०.००० |
| | पार्किङ शुल्क | | | ०.००० |
| | ट्रेकिङ, कयोकिङ, क्यानोइङ, प्याराग्लाइडिङ शुल्क | | | ०.००० |
| | सेवा शुल्क तथा दस्तुर | | | २०६.७५० |
| | पर्यटन शुल्क | | | ०.००० |
| | अन्य | | | ०.००० |
| | राजस्व बाँडफाँड: | | ० | १०० |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | | | १००.००० |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | | ०.००० |
| | अन्य आय: | | ० | ५११३ |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | ०.००० |
| | बेरुजु असुली | | | ०.००० |
| | संचित कोषमा गत वर्षको मौज्दात | | | ५११३.०९२ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण: | | | ० | २३७७०३ |
| | नेपाल सरकारबाट प्राप्त अनुदान: | | | |
| | वित्तीय समानीकरण अनुदान | | | १६०१०५.००० |
| | सशर्त अनुदान | | | ७७५९८.००० |
| | समपूरक अनुदान | | | ०.००० |
| | विशेष अनुदान | | | ०.००० |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान: | | | |
| | वित्तीय समानीकरण अनुदान | | | ०.००० |
| | सशर्त अनुदान | | | ०.००० |
| | समपूरक अनुदान | | | ०.००० |
| | विशेष अनुदान | | | ०.००० |
| | अन्य स्थानीय तहबाट प्राप्त अनुदान: | | | |
| | सशर्त अनुदान | | | ०.००० |
| | समपूरक अनुदान | | | ०.००० |
| | विशेष अनुदान | | | ०.००० |
| जनसहभागिता: | | | ० | ० |
| | नगद सहभागिता | | ० | ० |
| | श्रम तथा वस्तुगत सहायता | | ० | ० |

गाउँपालिका अध्यक्ष

# आय व्ययको विवरण

आ.व.२०७४/७५

अनुसूची-१

रु. हजारमा

| शीर्षक | आ.व. २०७२/७३ को यथार्थ | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७४/७५ को अनुमान |
|---|---|---|---|
| आयः | | ० | २४४२९२.०९२ |
| राजस्वः | | ० | ६५८९.०९२ |
| आन्तरिक राजस्व | | ० | १३७६.००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ० | १००.००० |
| अन्य आय-गत वर्षको नगद मौज्दात | | | ५११३.०९२ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ० | २३७७०३.००० |
| नेपाल सरकारबाट प्राप्त | | ० | २३७७०३.००० |
| प्रदेश सरकारबाट प्राप्त | | ० | ०.००० |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | ०.००० |
| जनसहभागिताः | | ० | ०.००० |
| नगद सहभागिता | | ० | ०.००० |
| श्रम तथा वस्तुगत सहायता | | ० | ०.००० |
| [illegible]ः | | ० | २४४२९२.०९२ |
| चालु खर्च | | ० | २९८००.००० |
| पूँजिगत खर्च | | ० | १३६८९४.०९२ |
| सशर्त अनुदान क्रियाकलाप खर्च | | | ७७५९८.००० |
| बजेट बचत (+)/न्यून (-) | | ० | ०.००० |

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्था | | ० | ०.००० |
| खुद ऋण लगानी | | ० | ०.००० |
| ऋण लगानी (-) | | ० | ०.००० |
| ऋण लगानीको साँवा फिर्ता प्राप्ती (+) | | ० | ०.००० |
| | | | |
| खुद शेयर लगानी | | ० | ०.००० |
| शेयर लगानी (-) | | ० | ०.००० |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | ० | ०.००० |
| | | | |
| खुद ऋण प्राप्ती | | ० | ०.००० |
| ऋणको साँवा भुक्तानी (-) | | ० | ०.००० |
| ऋण प्राप्ती (+) | | ० | ०.००० |

| | | | |
|---|---|---|---|
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | ० | ०.००० |

# आर्थिक वर्ष २०७४।०७५

## को

# बजेट वक्तव्य

पन्चेश्वर गाउँपालिका

बैतडी जिल्ला

७ नं. प्रदेश नेपाल ।

२०७४

- शिक्षा, स्वास्थ्य खानेपानीका योजनामा जोड,
- कृषि उत्पादनमा वृद्धि र आय आर्जनका कार्यक्रममा जोड,
- लक्षित समूह विकास कार्यक्रम,

अब म यिनै उद्देश्य तथा प्राथमिकता आधार रही तयार गरिएको आर्थिक वर्ष २०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

यस गाउँपालिका कार्यालयको भौतिक संरचना निर्माणका लागि यस आ.व. मा रु एक करोड पचास लाख र वडा कार्यालय भवन निर्माणको लागि साठी लाख सहितको क्रमागत कार्यक्रममा विनियोजन गरेको छु।

सडक विस्तार हुन नसकेको यस गाउँपालिकामा अत्यधिक बजेट सडक निर्माण कार्यमा विनियोजन हुने र सडक निर्माण खर्चमा ५० प्रतिशत भन्दा बढि रकम स्काभेटर डोजर भाडामा खर्च हुने भएकाले गाउँपालिका आफैले डोजर खरिद गर्ने कार्यको लागि एक करोड बयानब्बे लाख पैतिस हजार चार सय सतहत्तर रुपैया विनियोजन गरेको छु। सडक संजाल निमार्णलाई पहिलो प्राथमिकता राखी आवश्यक बजेट विनियोजन गरिएको छ।

शिक्षा क्षेत्रको विकासका लागि विद्यालयको भौतिक सुधार, तथा शैक्षिक सामाग्रीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। शिक्षा क्षेत्रको विकासका लागि कूल एक करोड बहत्तर लाख पचहत्तर हजार विनियोजन गरिएको छ।

आमा तथा शिशुको जिवन रक्षाका लागि संस्थागत सुत्केरी सेवा उपलब्ध गराउन वर्थिङ सेन्टर निर्माणलाई प्राथमिकता दिई स्वास्थ्य क्षेत्रमा पर्याप्त रकम विनियोजनको प्रयास गरिएको छ। स्वास्थ्य क्षेत्रमा कूल साठी लाख सत्ताइस हजार विनियोजन गरिएको छ।

निर्वाहमुखी समेत हुन नसकेको कृषि क्षेत्रलाई व्यावसायिक बनाई कृषकको जिवनस्तर उकास्न समूहगत कृषि खेतिलाई प्रोत्साहन गर्न एक करोड छ लाख आठ हजार विनियोजन गरेको छु।

खेलकुदको माध्यमबाट यस क्षेत्रका युवाहरुलाई राष्ट्रिय अन्तराष्ट्रिय पहिचान बनाउने गरी खेलाडी उत्पादन गर्नका लागि धिरमडा र धुरा खेलकुद मैदान निर्माणका लागि ५।५ लाख रुपैया विनियोजन गरिएको छ। यो समेत युवा रोजगार र लक्षित वर्ग सिपमूलक कार्यक्रम गरी कूल त्रियासी लाख पन्ध्र हजार रुपैया विनियोजन गरेको छु।

खानेपानी समस्या समाधानका लागि काम गरिएको परियोजना RVWRMP सँग कार्यक्रम सम्झौता गरि योजना कार्यान्वयन गर्नका लागि आवश्यक समपूरक कोषको व्यवस्था गरिएको छ।

दैवि प्रकोपबाट हुने क्षतिलाई न्यूनीकरण गर्नका लागि रु १५ लाखको विपद् व्यवस्थापन कोष खडा गरीएको छ।

सभाध्यक्ष महोदय,

नेपालको राजनैतिक संरचनामा भएको नविन आयाम संघीय संरचना अन्तर्गत यस पन्चेश्वर गाउँपालिका पनि पूर्ण अधिकार सहितको स्वशासित संरचनामा स्थापित भएको छ । यस पन्चेश्वर गाउँपालिकाको क्षेत्र तथा सीमा निर्धारण गर्न आवाज उठाउने, माग गर्ने तथा अमूल्य योगदान दिने यहाँका बुद्धिजिवी, राजनैतिक दल, समाजसेवी, कर्मचारी तथा सम्पूर्ण जनताहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै यस आ.व. २०७४।७५ को बजेट अर्थात् यस पन्चेश्वर गाउँपालिकाको पहिलो बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई पनि गौरवान्वित महशुस गरेको छु ।

नेपालको संविधानबाट प्रदत स्थानीय तहका आफ्नै अधिकार, स्वशासन तथा स्वयं जवाफदेहिता सहित स्थापित यस पन्चेश्वर गाउँपालिकाको प्राकृतिक स्रोतको महत्तम सदुपयोग गर्न सक्नु अवसरको रुपमा लिएको छु । दुःख र पीडा के हो? भन्ने अनुभव लिएर जनताको प्रतिनिधीको रुपमा उभिदा यहाँको जनताको चाहना अनुरुप काम गर्नु हामी सबैको कर्तव्य र नैतिकता हो भन्ने महशुस गरेकी छु ।

जनताको सहयोग, दृढ आत्मविश्वासी जनप्रतिनिधिको उपस्थिती तथा कर्मचारीको समन्वयमा विकास निर्माण र सार्वजनिक सेवा प्रवाह हुने अवसरको रुपमा लिदै उपलब्ध स्रोत र साधनको सहि सदुपयोग हुने अपेक्षा गरेको छु । भौतिक पुर्वाधार संरचना नहुनु, पर्याप्त आन्तरिक आम्दानीको स्रोत नहुनु हामी विच रहेको दुर्वल पक्ष हो । यद्यपि नेपालको संविधानको मुल मर्मको रुपमा रहेको लोकतान्त्रिकरण प्रकृयामा समग्र गाउँपालिका र राज्यलाई नै अग्रगमन तर्फ लान र जनप्रतिनिधी तथा कर्मचारीहरु विचको समन्वय र सहकार्यलाई वढावा दिदैं चुनौतीहरु न्युनिकरण गर्दै जानु हाम्रो लागी निर्विकल्प अवस्था हो ।

सभाध्यक्ष महोदय,

प्राप्त अवसरको सदुपयोग र चुनौतिहरुको सामना गरी **"हामी सबैको एउटै स्वर, समृद्ध र समुन्नत विकास सहितको पन्चेश्वर"** भन्ने मूल नारासहित यस पन्चेश्वर गाउँपालिकाका जनताहरुलाई यस आर्थिक वर्ष २०७४।७५ भित्र विकासको अनुभूती दिलाउनका लागि प्रस्तुत यस बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु :

- स्थानीय जनतामा विकासको प्रत्यक्ष बोध गराउने,
- दिगो विकासको अवधारणा अनुरुप विकास पूर्वाधारको निर्माण गर्ने,
- सामाजिक विकासको माध्यमबाट समग्र विकासको आधार खडा गर्ने,

यी उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेको छु :

- सबै वडाहरु गाउँपालिका केन्द्र सँग जोडिने गरी सडक विस्तारमा प्राथमिकीकरण,
- गाउँ कार्यपालिका तथा वडा कार्यालय भौतिक संरचना निर्माण,

# पञ्चेश्वर गाउँपालिकाका उपाध्यक्ष श्री बिना भट्ट द्वारा प्रस्तुत आ.व. २०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रम

***ऐतिहासिक संघीय लोकतान्त्रिक गणतन्त्र सहितको स्थानीय तह स्थापना पछिको पहिलो गाउँसभामा आ.वं २०७४।७५ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतीकरण सभाका सभाध्यक्ष तथा अन्य सदस्य,***

१. ऐतिहासिक संघीय संरचनामा स्थापित यस पन्चेश्वर गाउँपालिकामा स्थानीय तह निर्वाचन २०७४ अन्तर्गत स्थापित गाउँसभाले यहाँका सम्पूर्ण जनताको प्रतिनिधिको तर्फबाट यस सभा मार्फत आम जनतालाई हार्दिक धन्यवाद तथा बधाई ज्ञापन गर्न चाहन्छु । साथै सम्पूर्ण जनताको सुख, शान्ति तथा सुदृढ विकासका लागि प्रतिबद्ध रहने पनि यस सभा मार्फत जानकारी गराउन चाहन्छु ।
२. सम्मुनत तथा सुदृढ विकासका लागि अधिकार सम्पन्न स्थानीय तहको उद्देश्यलाई हृदयगंम गरी लामो संघर्षपछि नेपालमा राज्य पुर्नसंरचना भयो । यस गाउँपालिका क्षेत्र भित्रको विकास निर्माण, यहाँको जनताको भावनाको सम्मान गर्न सक्नु हामी सबैको कर्तव्य तथा जिम्मेवारी । यहि कुरालाई हृदयगंम गरी अब यस गाउँपालिकाको आ.व. २०७४।७५ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

**"हामी सबैको एउटै स्वर, समृद्ध र समुन्नत विकास सहितको पन्चेश्वर"** भन्ने मूल नारा सहित स्थानीय जनतालाई विकासको प्रत्यक्ष अनुभूती दिलाउनका लागि देहायबमोजिमका नीति तथा कार्यक्रम अवलम्बन गरिनेछ ।

१) मूलभुत नीतिहरु

- नेपालको संविधान, विद्यमान संघीय ऐन तथा कानून तथा प्रदेश कानून बमोजिम स्थानीय तहलाई आवश्यक कानून निर्माण गरी तिनिहरुको कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधिसँग आवद्ध गरिदै लगिनेछ ।
- विकास आयोजना तर्जुमा, कार्यान्वायन र लाभ बाँडफाडमा अत्यधिक जनसहभागिता जुटाइने छ ।
- गाउँपालिकामा सञ्चालित ठूला तथा साना विकास आयोजना तथा कार्यक्रमलाई नतिजामा आधारित बनाउन सघन अनुगमन कार्यको थालनी गरिने छ ।
- ठूला पूर्वाधार आयोजनाको गुणस्तरीयता परीक्षण गर्ने परिपाटीको थालनी गरिने छ ।
- हरेक वडामा एक नमुना योजना छनोट गरी प्राथमिकताका साथ कार्यान्वायन गर्ने परिपाटीको थालनी गरिने छ ।
- सामाजिक परिचालन मार्फत लक्षित वर्गको सशक्तिकरण, उत्थान र विकासलाई जोड दिइनेछ ।

- विकास प्रशासनमा सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परिक्षण जस्ता औजारको प्रयोग गरिने छ।
- अति विपन्न, महिला, दलित, अपाङ्ग, ज्येष्ठ नागरिकको आर्थिक, सामाजिक विकासका लागि प्रत्यक्ष अनुभूती हुने योजना तथा कार्यक्रम लागू गरिनेछ।
- गाउँपालकाको आर्थिक सामाजिक विकास र समृद्धिको लागि राजनैतिक दल, करदाता, समाजसेवी, बुद्धिजीवि, नागरिक समाज लगायत सम्पूर्ण जनताको सल्लाह र सुझाव लिइनेछ।

## २. क्षेत्रगत नीति तथा कार्यक्रम :

### क) पूर्वाधार विकास :

- भौतिक संरचना निर्माण तर्फ गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयका भवनहरु निर्माणमा पहिलो प्राथमिकता दिई आगामी तिन वर्ष भित्र सबै वडामा न्यूनतम आवश्यकता सहितको भौतिक संरचना निर्माण गरिसक्ने गरी आवश्यक नीति बनाइनेछ।
- सडक पूर्वाधारतर्फ सबै वडा केन्द्रहरुलाई गाउँपालिका केन्द्र सँग आवद्ध हुने गरी सडक निर्माणको कार्यलाई प्राथमिकता प्रदान गरिनेछ। व्यवस्थित सडक निर्माणको लागि यातायात गुरुयोजना तयार कार्यान्वयन गरिनेछ।
- सबै जनताको स्वच्छ खानेपानीमा सहज पहुँच स्थापित गर्नका लागि खानेपानी योजनालाई प्राथमिकता प्रदान गरिनेछ।
- खानीजन्य पदार्थको सम्भाव्यता अध्ययन गरी खानी उत्खनन गर्नका लागि आवश्यक नीति अपनाइनेछ।

### ख) कृषि, वन, वातावरण, तथा सरसफाई :

- कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यावसायीकरण प्रवर्द्धनका लागि कृषि पकेट क्षेत्र निर्धारण गरी त्यस क्षेत्रमा कृषि लक्षित कार्यक्रम मार्फत कृषकहरुलाई आकर्षित तथा प्रेरित गर्ने कार्यक्रम ल्याइनेछ।
- कृषि तथा पशुजन्य उत्पादनको बिक्रि, वितरण तथा बजार व्यवस्थापन सुदृढ बनाउनका लागि स्थानीय सरकार तथा सहकारी साझेदारी मार्फत सहकारी संस्थाहरुको विकास तथा परिचालनमा जोड दिने नीति अवलम्बन गरिने छ।
- बन क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्नका लागि वृक्षारोपण गर्ने, सामुदायिक वन उपभोक्ता सँग समझदारी तथा सम्झौता गर्ने नीति अवलम्बन गरिने छ।
- प्लाष्टिक जन्य पदार्थको प्रयोग न्यूनीकरण गर्दै आगामी वैशाख १ गतेदेखि प्लाष्टिक झोला तथा प्रयोग निषेधित गरी प्लाष्टिक झोला मुक्त गाउँपालिका घोषणा गरिनेछ।
- विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरी कार्यान्वायनमा ल्याइनेछ।
- वातावरण संरक्षणलाई आयोजनाको अंग बनाई वातावरणीय क्षति कम हुनेगरी आयोजना संचालन गरिने छ।

### ग) शिक्षा क्षेत्र विकासः

- प्रत्येक वडामा मापदण्ड बनाई नमुना विद्यालय स्थापनाको पहल गरिनेछ । साथै प्राविधिक शिक्षालय स्थापना गरि प्राविधिक शिक्षाको सुरुवात गरिने नीति लिइएको छ । लागि शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि आधारभूत विद्यालयमा बाल विकास केन्द्र को विकास गर्ने तथा आर्थिक अभावको कारणले विद्यालय छोड्न बाध्य बालबालिकालाई उचित आर्थिक सहायता प्रदान गर्ने नीति लिइएको छ ।
- आधारभूत शिक्षा तहमा सत प्रतिशत भर्ना दर पुर्‍याउनका लागि आवश्यक रणनीति तयार गरी आगामी शैक्षिक सत्र देखी सत प्रतिशत भर्ना दर कायम गर्ने नीति लिइएको छ ।

घ) **स्वास्थ्य क्षेत्र विकास :**

- नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई सफल बनाउन यस गाउँपालिका क्षेत्र भित्र अनिवार्य स्वास्थ्य विमा नीति अवलम्वन गरिने छ । आर्थिक रुपले अति विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा सहभागी बनाउन आवश्यक सहुलिय दिने नीति लिइने छ ।
- स्वास्थ्य चौकीहरुको भौतिक अवस्थामा सुधार, उपकरण तथा प्रयोगशालाको व्यवस्थापन गरिनेछ ।
- अति विपन्न, विपन्न परवारलाई परिचय पत्र प्रदान गरी त्यसको आधारमा स्वास्थ्य संस्थामा विशेष छुट हुने व्यवस्था मिलाइने छ ।
- शिघ्र कुपोषित बालबालिकाको स्वास्थ्य सुधारको लागि पोषण सुधार कार्यक्रम अवलम्बन गरिनेछ ।

ङ) **सामाजिक विकास कार्यक्रम :**

- बालश्रम, जातिय भेदभाव, छाउपडि, बालविवाह, लैंगिक विभेद अन्त्यका लागि योजना तथा कार्यक्रम तय गरी आगामी दुई वर्ष भित्र बालविवाह मुक्त गाउँपालिका बनाउने नीति लिइएको छ ।
- जातिय भेदभाव र बालविवाह अन्त्यको लागि आवश्यक कानून बनाई जातिय भेदभाव र बालविवाह मुक्त बनाउने अभियानका लागि आवश्यक रणनीति लिइनेछ ।
- मदिरा जन्य पदार्थको उत्पादन, बिक्रि वितरण तथा प्रयोगलाई आवश्य नियमन गरी व्यवस्थित गरिने नीति अवलम्बन गरिने छ । जसको लागि आवश्यक कानून बनाई कडाईका साथ लागू गरिनेछ ।
- समाजिक विसंगती तथा विकृतिबाट हुन सक्ने द्वन्द न्यूनीकरण तथा समाधानका गर्नका लागि वडाहरुमा मेलमिलाप केन्द्र खडा गरिने नीति अवलम्बन गरिएको छ ।

च) **संगठन तथा प्रशासन :**

- कार्यरत हरेक कर्मचारीसँग व्यक्तिगत र शाखागत रुपमा अलग-अलग सूचकका आधारमा कार्यसम्पादन सम्झौता गरिने छ । तोकिएको भन्दा कम अंक प्राप्त गर्ने कर्मचारीलाई सजाय गरिनेछ ।

सभाध्यक्ष महोदय,

अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । आ.व. २०७४।०७५ का लागि कुल रु. २४ करोड ४२ लाख ९२ हजार ९२ मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु । जस मध्ये चालु खर्च तर्फ रु. २ करोड ९८ लाख, पूंजीगत खर्च तर्फ रु. १३ करोड ६८ लाख ९४ हजार बयानब्बे र सशर्त अनुदान कार्यक्रम तर्फ रु. ७ करोड ७५ लाख ९८ हजार प्रस्ताव गरेको छु ।

आर्थिक वर्ष २०७४।७५ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व र राजस्व बाँडफाँड बाट रु. १४ लाख ७६ हजार, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान बाट रु.१६ करोड १ लाख ५ हजार, नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु. ७ करोड ७५ लाख ९८ हजार र संचित कोष बैंक मौज्दात रु. ५१ लाख १३ हजार बयानब्बे मात्र अनुमान गरिएको छ । उल्लेखित आय व्यय बाहेक सामाजिक सुरक्षा भत्ता बापत नेपाल सरकारबाट अनुमानित रकम रु ३ करोड ७५ लाख अनुदान प्राप्त हुने र सो मा खर्च हुने अनुमान गरिएको छ ।

प्रस्तुत बजेट तर्जुमा मा मार्गनिर्देशन गर्नुहुने अध्यक्ष ज्यू, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु तथा आवश्यक सहयोग, सल्लाह तथा समन्वय गर्ने कार्यकारी अधिकृत एवं कर्मचारी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, सेवाग्राही र यस क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै छन्, सिमित स्रोत र साधनले सबै समस्याहरु एकै पटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चूनौतिहरुको सामना गर्न हामि सबै कटिबद्ध, प्रतिबद्ध र एकबद्ध बनौं । उज्वल भविष्यको लागि आशावादी बनौं ।

धन्यवाद ।

- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक महत्वका सम्पदाहरुको सम्भाव्यता अध्ययन र तिनिहरुको संरक्षण, विकास र प्रचारप्रसार गरी पर्यटन प्रवाहलाई वृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

अन्तमा,

विकास र समृद्धिका लागि हामीले अख्तियार गरेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सबै पक्षहरुको साथ, सहयोग, सुझाव, सल्लाह र सहभागिताको हार्दिक अपेक्षा गर्दछु ।

* धन्यवाद *

- भौतिक तथा अभौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरिने छ, सामान्य मर्मत संभार गरी सञ्चालनमा आउन सक्ने उपकरण तथा सामाग्रीको मर्मत गरी चालु अवस्थामा राखिने छ भने काम नलाग्ने सामाग्री नियमानुसार लिलाम विक्रि गरी आम्दानी वृद्धि गरिनेछ ।
- गाउँ कार्यपालिका तथा सबै वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा कम्प्युटर प्रविधिमा जोडिनेछ । इन्टरनेट सेवा प्राप्त हुँदासाथ कार्यालयका सेवा अनलाइन प्रविधिबाट सुचारु गरिनेछ ।
- कार्यालयका हरेक शाखाहरुलाई उपलब्ध स्रोत साधनका आधारमा व्यवस्थित गर्दै लगिनेछ ।
- जनतालाई उनीहरुको घरदैलोमा सेवा प्रवाह गर्न एकीकृत घुम्ती सेवा टोली मार्फत सेवा प्रवाह गर्ने र सुशासन प्रवर्द्धन गरिने नीति अवलम्बन गरिने छ ।

छ) **सुशासन प्रवर्द्धन** :

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी बनाउन सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण सार्वजनिक गर्ने र अद्यावधिक गर्ने व्यवस्था प्रभावकारी रुपमा लागू गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहबारे जनताको गुनासो तथा खबरदारीको उच्च सम्मान गर्दै प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरिनेछ । साथै सार्वजनिक परिक्षण तथा सामाजीक परिक्षणलाई नियमित गरिने छ ।
- सम्पादित तथा सूचनामूलक सामाग्री तथा क्रियाकलाप, सूचना तथा जानकारीहरुलाई वेभसाइट, सामाजिक सञ्जाल मार्फत् सार्वजनिक गरिनेछ ।
- सेवाग्राहीमा सुशासनको प्रत्याभूति दिलाउन नागरिक वडापत्रमा समय सापेक्ष परिवर्तन गरी सोका आधारमा सेवा प्रवाह गरिनेछ ।
- गाउँपालिकाका गतिविधिबारे जानकारी गराउन नियमित पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिनेछ ।

ज) **राजश्व सुदृढीकरण** :

- राजश्वका सम्भावनाको खोजी तथा पहिचान गरी स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको महत्तम प्रयोगमार्फत् राजश्व सम्भाव्यता अध्ययन गरिनेछ ।
- करदातामैत्री वातावरण सिर्जना गर्न करदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

झ) **खेलकुद र पर्यटन** :

- गाउँपालिका क्षेत्रभित्र खेलमैदानको सुधारको लागि आवश्यक पहल गरिनेछ ।
- खेलकुद क्षेत्रका अन्य पूर्वाधार विकासका लागि समन्वयनकारी भूमिका निर्वाह गरिनेछ ।